# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-३ | अंक-१३ | २०७५ असोज २४ गते बुधबार | 10 October 2018 Wednesday | मूल्य रु. १०/-



वालविवाह अन्त्य गरौँ ।

सभ्य समाज निर्माण गरौँ ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


## सदरमुकाममा चामल टनाटन, गाउँका डिपो खाली

**मिसन न्यूज**

**कालिकोट-**जिल्लाका अधिकांस ग्रामिण क्षेत्रमा चामलको निकै अभाव देखिएको छ । गाउँका डिपोहरुमा रहेको चामल सकिएपछि अभाव देखिएको हो। मुखमा दशैं तिहार आउँदै गर्दा जिल्ला सदरमुकामको खाद्य संस्थानमा चामल भरिभराउ छ। तर ग्रामिण क्षेत्रमा रहेको डिपो भने, खाली अवस्थामा छन् । जिल्लाका ग्रामिण क्षेत्रमा रहेका तीनवटा डिपोमा चामलको ठुलो अभाव देखिएको छ। सदरमुकाममा रहेको खाद्य संस्थान को गोदाममा ७५० क्वीन्टल चामल मौज्दात रहेको छ। ठेकेदारले ढुवानीको लागि सममै ठेक्का सम्झौता गरेका कारणले सदरमुकाममा मात्र चामल मौज्दात रहेको हो।

**सम्झौतामा ढिलाइ**

गाउँमा रहेका डिपोमा ढुवानी ठेकेदारले ढुवानीको सम्झौता नगर्दा समस्या भएको छ। जिल्लाको पादमघाट, खल्लागाड र थिर्पुमा खाद्यान्नको डिपो कार्यालय रहेको छन्। पादमघाट र थिर्पु डिपोमा ढुवानीको ठेक्का पाएका ठेकेदारहरूले ढुवानी सम्झौता नगर्दा चामल । जिल्ला सदरमुकाममा खाद्यान्न साढे सात सय क्वीन्टल चामल भए पनि दुर्गम पलाँताको थिर्पु र पादमघाट डिपोमा ढुवानीकर्ताले सम्झौता नगर्दा चामल अभाव रहेको छ। जिल्ला खाद्य संस्थान कालिकोटका निमित्त प्रमुख खड्कबहादुर बुढामगरले ठेकेदारले समयमा सम्झौता ठेकेदारले नगरेकाले चामल गाउँमा नगएको बताए । 'सदरमुकाममा दशैं तिहार सम्मलाई पुग्ने खाद्यान्न रहेको छ ।'

समस्या रहेको हो। पलाँतालगायतका क्षेत्रमा खाद्यान्न अभाव भएको स्थानीयले बताउका छन्। पलाताको थिर्पु डिपोमा खाद्यान्न ढुवानीको जिम्मा पाएका ठेकेदार कम्पनीले ढुवानीको सम्झौता समयमै नगर्दा खाद्यान्न अभाव हुने देखिएको छ । थिर्पु डिपोका लागि लवकुश निर्माण सेवा कालिकोटले



सदरमुकाममा रहेको खाद्य संस्थानकको कार्यालयमा चामल लिन आउका स्थानीय ।

निमित्त बुढामगरले भने, 'ढुवानीकर्ताले सम्झौता नगर्दा थिर्पु, खल्लागाडमा रहेको डिपोहरुमा खाद्यान्नको अभाव भएको छ ।'पलाँता गाउँपालिकामा खाद्यान्नको धेरै अभाव रहेको छ। हरेक सिजनमा पानी नपरेर सुख्खा क्षेत्र भएकाले स्थानीय उत्पादन हुन नसकेपछि खाद्यन्नको

ढुवानीको ठेक्का पाएको र पादमघाट डिपोको ढुवानीका लागि रामसागर जनरल स्टोर्स सुर्खेत ठेक्का पाएको छ ।तर, ढुवानीको सम्झौता नहुँदा दशैं तिहारमा खाद्यान्नको अभाव हुने देखिएको नेपाल खाद्य संस्थानका निमित्त

बाँकी ८ पृष्ठमा..

## विकास ल्याउन दातासँग कर्णाली सरकारको बैठक

**मिसन न्यूज**

**सुर्खेत –** कर्णालीप्रदेश सरकारले बहुपक्षीय दातृ निकायसँग कर्णालीको विकासका लागि बृहत छलफल थालेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सोमबार बिहान ११ बजे सुरु भएको बैठकमा कर्णालीको विकासका प्राथमिकता र सहयोगबारे छलफल भइरहेको प्रदेशका सामाजिक



विकास मन्त्री दल रावलले जानकारी दिए। उनकाअनुसार बैठकमा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीका साथै प्रदेश सरकारका मन्त्री र सचिवहरु सहभागी छन्। दातृ निकायको तर्फबाट यूरोपियन यूनियनका ओभिडु मिक, विश्व बैंकका फारिस हाडाड, क्रिश्चियन इगन र सइद खादेद असन, डिएफआईडीका रुरिक मार्सडेनलगायत सहभागी छन्।

बाँकी ५ पृष्ठमा..

# विकास र सुशासन सरकारको प्राथमिकता

**मिसन न्यूज**

**कालिकोट-**कर्णाली प्रदेशले विकास र सुशासन पहिलो प्राथमिकतामा राखेको छ। प्रदेश जनप्रतिनिधिसँग अन्तरक्रिया गर्न शुक्रबार कालिकोट आएका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बजेटमा विकास र सुशासन पहिलो प्राथमिकतामा परेको बताए। कर्णाली सरकारको गति एकातिर, चालु आवको बजेट अकातिर भएको भन्दै उनले बजेट ठूला आयोजनामा केन्द्रित गर्न नसकिएको बताए। उनले चालु आवको जस्तै अर्को वर्ष बजेट नहुने बताए । 'सरकारले कर्णालीका १० जिल्लाको क्षेत्रफल,



जनताको बसोबास र आवश्यकता पहिचान गरिरहेको छ', उनले भने, 'एकीकृत बस्ती विकासका लागि सरकारले आवश्यक तयारी अगाडि बढाएको छ ।' उनले कर्णाली परनिर्भताको सिकार भएर हातखुट्टा

भएकाहरू पनि अपांगता भएको बताए। उनले भने, 'बाबु मरेर घाटमा पुग्दासम्म पनि हामी बाबुकै भरमा बसेका हुन्छौं । अब यूएनको पालको पर्खाइमा कर्णालीवासी बस्नु हुँदैन।' उनले कर्णालीमा गुणस्तरीय काम गर्न विकासे

योजनाका उपभोक्ता समितिले समेत धरौटी राख्ने व्यवस्था मिलाउन लागेको जानकारी दिए। स्टमेटअनुसार उपभोक्ता समितिले काम नगरे धरौटी जफत गरिने उनको भनाइ छ। उनले कर्णालीका रैथाने बाली संरक्षण, प्रांगारिक मल उत्पादन उद्योग स्थापना, अगानिक प्रदेश बनाउने बताए । कार्यक्रममा कालिकोट को प्रदेशसभा क बाट निर्वाचित सांसद कुर्मराज शाहीले प्रदेश सरकारले नयाँ घरबार बनाउनुपर्ने चुनौतीका कारण विकासले गति लिन नसकेको बताए। उनले भने, 'परिवर्तनका लागि पटक-पटक आन्दोलन भइरहँदा विकास निर्माण

बाँकी ७ पृष्ठमा..

# संविधानको होइन, दलको विकल्प खोजौं

**मेखराज परियार**

नेपालको संविधान यही महिनादेखि तेस्रो वर्ष पूरा गरी चौथो वर्षमा प्रवेश गरेको छ । तर, संविधान दिवसमा भने निकै विचित्रका परिदृश्यहरु देखा परे । संविधान भनेको तत्कालीन राजनीतिक शक्तिको स्वार्थ, उपस्थिति, दबाव अथवा लेनदेनमा नै निर्माण गरिन्छ। अर्थात, शक्ति या पहुँचमा रहेका शक्तिबीच स्वार्थ या लेनदेन मिल्यो भने संविधान निर्माण हुन्छ । हाम्रो संविधानबारे बुझ्न र यसका सवल-दुर्बल पक्ष खोज्न के-कस्ता राजनीतिक शक्ति, परिस्थिति, स्वार्थसमूह थिए भन्नेबारे जान्नैपर्ने हुन्छ । विश्वका कुनै पनि व्यक्तिको बुझाइ, स्वार्थ वा आवश्यकताहरु नितान्त फरक हुन्छन् । त्यस्तै विभिन्न राजनीतिक, क्षेत्रीय, जातीय, लैंगिक शक्ति, समूह, दल र समुदायको फरक मत हुनु पनि स्वाभाविक नै हो । त्यति मात्रै नभएर एउटै दलका विभिन्न नेता, कार्यकर्ता इत्यादिको फरक विचार र मान्यता हुनु पनि स्वभाविकै हो । यस्तो जटिल सन्दर्भमा आफ्नो वर्ग-समुदायको स्वार्थसहित राजनीतिक सम्झौताको दस्तावेज (संविधान) बारे साझा धारणा निर्माण गर्नु निकै जटिल विषय हो। **संविधान निर्माणको हण्डर ठक्कर** नेपालमा विसं १९१० मा जंगे कानुन जारी भएदेखि सम्भवतः औपचारिक रुपमा लिखित कानुनमार्फत शासन सञ्चालन गर्न थालियो । ००७ सालमा राणा शासनको विधिवत अन्त्य भएसँगै मुलुकमा जननिर्वाचित संविधान सभामार्फत देशको मूल कानुन 'संविधान' निर्माण गर्ने घोषणहरु भए । तथापि त्यो लक्ष्य पूरा हुन सकिरहेको भने थिएन। अन्तत्वोगत्वा ०५२ सालबाट शुरु गरेको माओवादी जनयुद्ध, हत्या, हिंसाको अन्त्य र युग परिवर्तन गराउने गणतन्त्र प्राप्तिका निम्ति संविधान सभालाई प्रयोग गरियो । चमत्कारिक ढंगले एउटै विन्दुमा माओवादीको जनवादी राज्यसत्ताको निम्ति जनयुद्धको विधिवत अन्त्य हुन पुग्यो । पहिलो संविधानसभामा विद्रोही माओवादी पहिलो शक्तिमा स्थापित हुन पुग्यो । जनतामा माओवादी पार्टीप्रति आश र त्रास दुबै थियो । किनभने, तत्कालीन संसदवादी शक्ति, नेपाली कांग्रेस, नेकपा एमालेसँग जनता निराश थिए। सत्ता, शक्ति, भ्रष्टाचार, पदको दुरुपयोग, नातावाद, अस्थिरता र अयोग्य सरकारप्रति जनता आजीत थिए । जनता गरिबी, अशान्ति, असुरक्षा, भ्रष्टाचार, अशिक्षाबाट प्रताडीत थिए । तत्कालीन कांग्रेस, एमाले र राजाबाट निराश जनता विद्रोह गरी ठूलो विश्वास साथ आएको नेकपा माओवादीप्रति आकर्षित हुन पुगे । परिवर्तनको प्रत्याभूति दिलाउला भन्ने आशा थियो माओवादीप्रति । त्यतिमात्रै होइन, उनीहरुलाई नजिताए, फेरि जंगल फर्केलान् र मुलुक फेरि हत्या, हिंसा, द्वन्द्वमा फर्केला भन्ने त्रास थियो । त्यसैले जनताले माओवादीलाई मत दिएर सत्तामा पुऱ्याए । दुखद यस मानेमा भयो कि जारी गरिएको संविधान सर्वस्वीकार्य हुन सकेन र जारी भएकै मितिदेखि विभिन्न शक्तिहरु विरोधमा उत्रिए । कयौंको बलिदानी हुन पुग्यो। भारतले यसैलाई मुद्धा बनाएर ५ महिना लामो नाकाबन्दीसमेत लगायो ।यस्तै किसिमका विभिन्न हण्डर, ठक्कर, पीडाका घटना हुँदै हामी अहिले संविधान कार्यान्वयनको चरणमा आइपुगेका छौं । संविधानबमोजिम संघीय (केन्द्रीय) संसद प्रतिनिधिसभा र राष्ट्रियसभा, प्रदेश संसद तथा सरकार, स्थानीय तह सबै गठन भएका छन् । तीन तहको विधिवत् लोकतान्त्रिक प्रकिया बमोजिम निर्वाचन भई सरकार गठन र सञ्चालन भएका छन् ।**दोष संविधानको कि दलहरुको ?-** संघीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, विधिको शासन, स्वतन्त्रता, न्याय, समानता र समावेशीकरण यस संविधानका आधार हुन्। लोकतान्त्रिक समाजवादसम्म पुग्ने लक्ष्य यस संविधानले राखेको छ। प्रश्न उठ्छ- संविधान मान्ने अनि विधि र प्रक्रियाभित्रै रहेर विरोध गर्ने शक्ति र संविधान नै नमान्ने केही अतिवादी शक्तिका मागहरुको राजनीतिक समाधान यस संविधानले दिन सक्छ कि सक्दैन ? यो निकै महत्वपूर्ण सवाल हो। संविधानले दलित हकबारे भनेको छ कि जात, जाति, परम्परा इत्यादिका नाममा कोही-कसैमाथि विभेद, छुवाछूत गर्नु अपराध हो, गरिए दण्ड सजाय हुन्छ । सबैभन्दा क्रान्तिकारी कुरा यो हो। इतिहासमा नै पहिलोपटक 'निजी तथा सार्वजनिक क्षेत्र, स्थलमा विभेद गर्न निषेध' गरिएको छ । **संविधानमा त्रुटि छन्, तर, निर्विकल्प छैनन् दलहरु-** हो, यस संविधानमा केही त्रुटीहरु छन् । कतिपय कमजोर वर्ग, समुदायको हक-अधिकारमा कटौती गरिएको छ । यही त्रुटी, कमी, कमजोरी लुकाउनकै निम्ति यो संविधान विश्वकै उत्कृष्ट भनी प्रचार गरिएको छ । यस प्रसंगमा दुईटा विगतका अनुभव स्मरण गर्न जरुरी छ। प्रथमतः ०४७ सालको संविधानलाई पनि विश्वकै उत्कृष्ट संविधान घोषणा गरिएको थियो । यसपटक संसदीय व्यवस्थालगायत विभिन्न विषयमा तत्कालीन माओवादी केन्द्रले फरक मत राखेको थियो। तथापि संविधान जारी भएर केही वर्ष नबित्दै एमालेसँग मिलेर चुनाव लड्ने क्रममा नै माओवादी केन्द्रले आफ्नो फरक मत, या आलोचनात्मक समर्थनलाई पूर्ण समर्थनमा बदल्यो । त्यतिमात्र होइन, संविधानमा छुटेका, अपुग, समस्याहरुको निर्क्योल र समाधान गर्नुको सट्टा, सर्वोत्कृष्ट घोषणा गर्नमा नै समय खर्चिंदैछ, जुन कार्य गलत मात्रै होइन, घातक हुनेछ ।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा हतारका काममा ढिलासुस्ती हुन सक्छ। चुनौती देखिए पनि बिस्तारै आफ्नो क्षेत्रमा प्रभाव जमाउन सकिनेछ ।

**वृष** : हल्लाको पछि लाग्दा केही समस्या हुनेछ। पूर्वार्द्धमा केही चुनौती देखा सामना पर्नेछन् । घरमा असमझदारी बढ्नाले काममा पनि बाधा हुन सक्छ ।

**मिथुन** : काम बन्नाले आयआर्जनका स्रोत बढ्नेछन् । पहिलेको समलाताले विशेष जिम्मेवारी दिलाउनेछ ।

**कर्कट** : सुरुको दिन चुनौतीपूर्ण देखिन्छ। प्रतिपक्षीहरूले दुस्ख दिने हुँदा आत्मसम्मानका लागि केही समय मौन रहनु बेस होला ।

**सिंह** : साताको पूर्वार्द्धमा कमजोर नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला । अरूको मुख ताक्ने बानीले पछि परिनेछ ।

**कन्या** : प्रारम्भमा घरखर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होसियारीसाथ काममा जुट्नुहोला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ ।

**तुला** : सुरुमा विशेष अवसर जुट्नुका साथै पछिसम्म फाइदा हुने काम प्रारम्भ हुनेछ। आम्दानीका स्रोतहरू बढ्नुका साथै मनग्गे धनलाभ हुनेछ ।

**वृश्चिक**: कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ। सोमवारदेखि आम्दानी बढ्नेछ ।

**धनु** : प्रारम्भमा परिस्थितिवश चिताएको काम रोकिन सक्छ। धेरै समय सामाजिक काममा जुट्नुपर्ला ।

**मकर**: प्रारम्भमा स्वास्थ्य कमजोर रहनाले पछि परिनेछ। परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।

**कुम्भ** : प्रारम्भमा चिताएका काम बन्नाले प्रशस्तै धनलाभ हुनेछ। प्रियजनसँग भेटघाट हुनेछ। रमाइलो यात्राका बीचमा आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ ।

**मीन** : सुरुमा खर्च लागे पनि दिगो फाइदा हुने काम सुरु गर्ने अवसर जुट्नेछ। प्रतिस्पर्धामा उत्रनुपरे पनि विभिन्न अवसर प्राप्त भइरहनेछन् ।

**हार्दिक शुभकामना**

**वालविवाह अन्त्य गरौं ।**

**सभ्य समाज निर्माण गरौं ।**

**हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**किर्डाक नेपाल, कालिकोट**

**भिडिसेफ नेपाल, कालिकोट**

**सहास नेपाल, कालिकोट**

# कर्णाली प्रदेशमा चीनिया राष्ट्रको चासो

**मिसन न्यूज**

**सुर्खेत -** कर्णाली प्रदेशको आर्थिक र भौतिक विकासमा लगानी गर्न चीन इच्छुक देखिएको छ। कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले चीन भ्रमण क्रममा चीन सरकार कर्णाली को विकासमा लगानी गर्न इच्छुक देखिएको जानकारी दिए । चीन भ्रमणबाट फर्केपछि शनिबार सुर्खेत विमानस्थलमा सञ्चारकर्मीसँग मुख्यमन्त्री शाहीले चीन भ्रमण कर्णालीको विकासका लागि कोसेढुंगा सावित हुने दाबी गरे ।

कर्णालीको विकासमा चीन सरकारले उत्सुकता देखाएको र भ्रमणबाट कर्णालीमा चिनियाँ लगानी भित्रिने वातावरण बनेको मन्त्री शाहीले उल्लेख गरे । 'संविधानअनुसार अर्को देशसँग प्रदेशले सीधै सम्झौता गर्न सक्दैन', उनले भने, 'तर संघीय सरकारसँग पनि समन्वय भएकाले संघीय सरकारमार्फत चीन सरकारको लगानी कर्णालीमा ल्याउने वातावरण निर्माण गरेका छौं ।' भ्रमण क्रममा चिनियाँ पक्षसँग कर्णालीका नाका खोल्ने र फास्ट ट्र्याक निर्माण गर्न सम्झौता भएको जानकारी दिए । 'हिल्सा-जमुनाह फास्ट ट्र्याक निर्माण गर्न गर्न प्रारम्भिक समझदारी भएको छ, चीन सरकारमातहतको चाइना हाइवे कम्पनीसँग भएको उक्त समझदारीमा 'फिजिबिलिटी' अध्ययन र प्रारम्भिक सर्भे गर्ने उल्लेख छ', उनले थपे, 'सम्भाव्यता अध्ययनपछि कुरा मिल्यो भने संघीय सरकार र चाइना हाइवे कम्पनीबीच सम्झौता भई काम सुरु गरिनेछ ।' हिल्सा-जमुनाह फास्ट ट्र्याक निर्माण सम्बन्धमा महत्वपूर्ण उपलब्धिका रूपमा रहेको मुख्यमन्त्री शाहीको दाबी छ । यस्तै, चीन भ्रमणअघि कर्णालीमा विमानस्थल निर्माणका लागि चिनियाँ लगानीकर्तालाई कर्णाली भ्रमण गराएका मुख्यमन्त्री शाहीले पुनः उक्त विषयमा चिनियाँ प्रतिनिधिसँग छलफल भएको जानकारी दिए। सुर्खेत विमानस्थल स्तरोन्नति र मदाने चौरमा प्रस्तावित क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल निर्माणका लागि सहयोगको प्रतिबद्धता गरिएको शाहीको भनाइ छ । प्रदेश सरकारले 'कर्णाली एयर' को नाममा आफ्नै एयरलाइन्स सञ्चालन गर्ने सोच बनाएको र उक्त योजनाका लागि चीन सरकारसँग ऋणबारे छलफल समेत भएको बताए। साथै, पर्यटन पूर्वाधारको विकास, जडीबुटी प्रशोधन, जलविद्युत् विकास, आन्तरिक तथा प्रादेशिक विमानस्थल निर्माणलगायत विषयमा पनि छलफल भएको बताइएको छ । कर्णालीमा आन्तरिक उडान र अन्तरप्रदेशीय उडानका लागि कम्तीमा दुईवटा विमान खरिद गर्ने योजना बनाएको र यसलाई सफल बनाउन चीन सरकारसँग ऋण सहयोगको अपेक्षा गरिएकामा सकारात्मक प्रतिक्रिया जनाएको कर्णाली प्रदेश सरकारले जानकारी दिएको छ । कर्णालीमा लगानी गर्नेलाई कर मिनाहको घोषणा गरिएको र चिनियाँ लगानीकर्तालाई भौगोलिक रूपमा विकट कर्णाली प्रदेशमा लगानी गर्न उत्साहित गर्ने विश्वास व्यक्त गरे। सिचुवान प्रान्तका

बाँकी ५ पृष्ठमा..



पत्रकार सम्मेलनमा कर्णालीका मुख्यमन्त्री शाही ।


हार्दिक निमन्त्रणा

स्थानीय कला र साँस्कृति हाम्रो पहिचान
सुन्दर र समृद्ध गाउँपालिका हाम्रो अभियान

दशैंतिहारको शुभ अवसरमा यहि मिति २०७५ साल कार्तिक ४ र ५ गते सान्नी त्रिवेणी गाउँपालिकाे आयोजनामा हुन गइरहेको बृहत साँस्कृतिक तथा खेलकुद प्रतियोगीता कार्यक्रम हुने भएकाले कालिकोटवासी आमा वुवा, दाजुभाइ दिदिवहिनी, राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, कर्मचारी, सुरक्षाकर्मी, पत्रकारलगायत सम्पूर्ण महानुभावहरुलाई गरिमामय उपस्थितीका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**प्रमुख अतिथि**
दुर्गवहादुर रावत, प्रतिनिधिसभा सदस्य

**साँस्कृति कार्यक्रमका आर्कशण**
पश्मिेली देउडा, भलीबल प्रतियोगीता, हुड्के नाँच, एकल गाइन, लोक दोहोरी, झ्ाोडा चुट्कीला र नृत्य प्रर्दशन गरिने छ ।

**देउडा खेलाडीहरु**
नेत्रराज शाही ,कमला धामी , पेरणा विक, बलिराम देवकोटा, केशव शाही, हरिचन्द्र देवकोटाको सहभागीता रहने छ ।

**साँकृतिक कार्यक्रममा सहभागी हुने राष्ट्रिय कलाकारहरु**
चन्द्र शर्मा, राष्ट्रिय लोक दोहोरी प्रतिष्ठानका अध्यक्ष
ज्योति मगर, चर्चित लोक गायीका
नन्दा बस्याल, लोक दोहोरी तथा नृत्य कलाकार
विरेन्द्र शाही, देउडा तथा लोक दोहोरी गायक
धर्मराज न्यौपाने(शिशिर), देउडा तथा लोक दोहोरी गायक

**हास्य कलाकारहरु**
भिम विष्ट,(अछामी रेखा )
जनक सावद (अछामी माग्ने बुढा)

**आयोजक**
साँस्कृतिक तथा खेलकुद कार्यक्रमका व्यबस्थापन संयोजक अनिपाल धामी ( हिमाल) प्रवक्ता
आयोजक समितिका अध्यक्ष केशव शाही
**सान्नी त्रिवेणी गाउँपालिका,मेहेलमूडि कालिकोट**

## हार्दिक शुभकामना

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोग को लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नन्दबहादुर सिंह (प्रमुख) — मनराज शाही (उपप्रमुख)

महावै गाउँपालीका कालिकोट

वडा अध्यक्ष

मनराज शाही वडा नं. १ — धर्मराज शाही वडा नं. ५
गौकला सिंह वडा नं. २ — रविन्द्रबहादुर शाही वडा नं. ६
दानकला सिंह वडा नं. ३ — सिंहबहादुर शाही वडा नं. ७
विविशरण शाही वडा नं. ४



## हार्दिक शुभकामना

चर्पीको प्रयोग गरौं । पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार देखाऔ । सावुनपानीले हातधुने बानी वसालौं । सफा घर आगन राखौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डिभिजन खानेपानी कार्यालय, कालिकोट

कर्णाली प्रदेश



## हार्दिक शुभकामना

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नुपर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अनिपाल शाही (प्रमुख) — लक्ष्मी बिष्ट (परियार) (उपप्रमुख)

एवं जिल्ला समन्वय समिति परिवार कालिकोट



## हार्दिक शुभकामना

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खड्क सेजुवाल (प्रमुख) — तारा न्यौपाने (उपप्रमुख)

पचालझरना गाउँपालीका कालिकोट

वडा अध्यक्ष

रन्तलाल न्यौपाने वडा नं.१ — बनपती बुढा वडा नं. ६
करबिरे बि.क. वडा नं. २ — सर्पसिं बोहोरा वडा नं.७
लोगजंग कठायत वडा नं.३ — डम्बरे कामी वडा नं. ८
अनरुप रोकाया वडा नं.४ — जोरे तिरुवा वडा नं. ९
देउमले नेपाली वडा नं.५



## हार्दिक शुभकामना

एक घर एक करेसावारीको स्थापना गरौं । स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कृषि ज्ञान केन्द्र

परिवार कालिकोट

## विकास ल्याउन दातासँग...

'यो बैठकले कर्णालीको विकासका लागि लगानी भित्याउनुका साथै अन्तराष्ट्रिय निकायसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्न सघाउ पुऱ्याउनेछ,' मन्त्री रावलले भने, 'कर्णालीमा सहयोग गर्नको लागि प्राथमिकताका क्षेत्र के हुन् भन्नेबारे दातृ निकाय स्पष्ट हुने हाम्रो अपेक्षा छ ।' प्रदेश सरकारले संघीय सरकार र दातृ निकायबीच समन्वय गरी कर्णालीमा विकास आयोजना भित्याउने उनले बताए ।

## कर्णाली प्रदेशमा चीनिया...

गभर्नर यीनलीको निमन्त्रणामा मुख्यमन्त्री शाही तीन सदस्यीय टोलीसहित असोज ३ गते चीन गएका थिए । टोलीमा प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला र सांसद धर्मराज रेग्मी सहभागी थिए । भ्रमण क्रममा मुख्यमन्त्री शाहीको टोली सिचुवानमा आयोजित १७ औं वेस्टर्न चाइना इन्टरनेसनल फायर बेल्ट एन्ड रोड डेभलपमेन्ट कन्फरेन्समा सहभागी थियो । अन्नपुर्णबाट


# हार्दिक शुभकामना

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खडानन्द चौलागाई (अध्यक्ष)

पम्फादेवी शाही (उपाध्यक्ष)

**शुभकालिका गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

विरबहादुर बुढा मगर वडा नं. १
केशनबहादुर शाही वडा नं. ५
मानबहादुर शाही वडा नं. २
कर्णबहादुर केसी वडा नं. ६
धनराज शाही वडा नं. ३
जनकबहादुर शाही वडा नं. ७
रामबहादुर शाही वडा नं. ४
दीपक महतारा वडा नं. ८



# हार्दिक शुभकामना

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लक्ष्मण बम (प्रमुख)

दाना न्यौपाने (उपप्रमुख)

**पलाता गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

मानबहादुर भण्डारी वडा नं. १
वृद्धि कामी वडा नं. २
कर्णबहादुर रोकाया वडा नं. ३
ऐनराज महतारा वडा नं. ४
विरबहादुर बम वडा नं. ५
रुपबहादुर रोकाया वडा नं. ६
बर्जबहादुर बम वडा नं. ७
पटक बम वडा नं. ८

## दसैं आयो, आएन तलब

मिसन न्यूज

**कालिकोट –** कर्णाली प्रदेश मातहतमा रहेको सरकारी कर्मचारीहरूले तीन महिनदेखिको तलब पाएका छैनन्। लब कसले खुवाउने भन्ने विषय टुङ्गो नलाग्दा प्रदेश मातहतमा रहेका कर्मचारीको ततलब नपाएका हुन्। प्रदेश सरकार मातहत स्थापना भएका अस्पताल, खानेपानी, पशु सेवा विज्ञ, कृषि ज्ञान केन्द्र, प्राविधिक लगायतका कर्मचारीले तलब पाएका छैनन्। प्रदेश सरकार अन्तर्गत रहेका सरकारी कार्यालयका कर्मचारीले तलब नपाएको गुनासो गरेका छन्। प्रदेश सरकार मातहत स्थापना भएका पशु सेवा केन्द्र, अस्पताल, जिल्ला खानेपानी कार्यालय लगायतका कार्यालयका कर्मचारीले तलब नपाएको पशु प्राविधिक पूर्णबहादुर गिरीले बताए। 'प्रदेश सरकार अन्तर्गतका कुनै पनि कर्मचारी तलब पाएका छैनन्', उनले भने,'कहिले कसरी खुवाउने हो त्यो पनि थाहा छैन।' गत साउनदेखि अहिलेसम्म तलब नपाएको कृषि ज्ञान केन्द्र कालिकोटका निमित्त कार्यालय प्रमुख भक्तिराम शर्माले बताए। 'दसैंको मुखमा तलब कहिले कसरी पाउने हो चिन्ता छ', प्रदेश सरकारले तलब खुवाउनेबारे टुङ्गो नै लगाएको छैन।' कृषि ज्ञान केन्द्र कालिकोटमा प्रदेश अन्तर्गतका पाँचकर्मचारी रहेको र कसैले पनि तिन महिनादेखिको तलब नखाएको कर्मचारी पदमबहादुर शाहीले बताए।'दसैं नजिक आइसक्यो तलब कहिले पाउने हो?'थाहा


# हार्दिक शुभकामना

समयमै व्यक्तिगत घटना दर्ता गरौं। एक घर एक चर्पी कालिकोटको शान।
राज्यको निकायमा आफ्नो पहुँच बढाऔं। पुर्ण सरसफाई युक्त जिल्ला हाम्रो अभियान।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रत्नबहादुर शाही (मेयर)
दन्ता नेपाली(दर्शना) (उपमेयर)

तिलागुफा नगरपालिका कालिकोट

वडा अध्यक्ष

दलबहादुर कटुवाल वडा नं. १
दलसुर बोहोरा वडा नं. २
सुर्यबहादुर शाही वडा नं. ३
खड्कराज शाही वडा नं. ४
टिकाराम न्यौपाने वडा नं. ५
धर्मराज शाही वडा नं. ६
नेत्रबहादुर शाही वडा नं. ७
तिलक न्यौपाने वडा नं. ८
नरेन्द्रबहादुर रोकाया वडा नं. ९
मनबहादुर थापा वडा नं. १०
रघुविर शाही वडा नं. ११



# हार्दिक शुभकामना

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न

कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण,एवं सदुपयोग गरौं।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि,सुरक्षाकर्मी ,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि,सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कासीचन्द्र बराल (मेयर)
मिमसरा शाही (उशा) (उपमेयर)

रास्कोट नगरपालिका कालिकोट

वडा अध्यक्ष

नमराज संज्याल वडा नं. १
दयाराम सिम्खाडा वडा नं. २
देउसिंगे कुमाल वडा नं. ३
विनोदकुमार शाही वडा नं. ४
नरजंग शाही वडा नं. ५
टक्क फर्साल वडा नं. ६
अदलसिंह महतारा वडा नं. ७
कृष्णप्रसाद धमाला वडा नं. ८
डबल बोगटी वडा नं. ९

## विकास र सुशासन ........

पछाडि परेको हो ।' आर्थिक क्रान्ति र मुलुकको समृद्धि अपरिहार्य रहेको उनले बताए । **मुख्यमन्त्रीसँग जनप्रतिनिधिको अन्तरक्रिया**-कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही, आन्तरिक मामिलामन्त्री नरेश भण्डारी र भौतिक पूर्वाधारमन्त्री खड्ग खत्रीसँग कालिकोटका स्थानीय तहका जनप्रतिनिधिले अन्तरक्रिया गरेका छन् । जिल्ला समन्वय समितिको हलमा भएको अन्तरक्रिया कार्यक्रममा सबै जनप्रतिनिधिले स्थानीय तहमा समस्यै समस्याको चाङ रहेको देखाए । नागरिकको जनजीविकासँग जोडिएको स्थानीय सरकार आफैं पूर्ण नरहेको उनको भनाइ छ । जिल्लाका नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षहरूले आ-आफ्नो स्थानीय तहको अवस्थाबारे जानकारी दिँदै कर्मचारी, कानुन र प्राविधिक जनशक्ति अभावलगायत समस्याका कारण स्थानीय सरकार सञ्चालनमा निकै चुनौती रहेको बताए । उनीहरूले तत्काल कर्मचारी पठाइदिन केन्द्र सरकारसँग पहल गर्न मुख्यमन्त्रीलाई आग्रहसमेत गरेका छन् । अन्नपुर्णबाट


# हार्दिक शुभकामना

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल,जनप्रतिनिधि,सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**धिरबहादुर बिष्ट (अध्यक्ष)**

**मनसोभा बुढा (उपाध्यक्ष)**

**नरहरीनाथ गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

पृथी बिष्ट वडा नं. १
प्रेम दमाई वडा नं. २
टक्क बिष्ट वडा नं. ३
नरबहादुर बोगटी वडा नं. ४
गगन फडेरा वडा नं. ५
तुलाराम बि.क. वडा नं. ६
दलबहादुर बि.क. वडा नं. ७
लोग बिष्ट वडा नं. ८
जोरासिंह शाही वडा नं. ९



# हार्दिक शुभकामना

ॐ

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**किसान माईक्रोफाइनान्स,कालिकोट**



# हार्दिक शुभकामना

'घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं'
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं'

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिल्ला स्वास्थ्य कार्यालय कालिकोट**



# हार्दिक शुभकामना

**वचत गर्ने वानी वसालौं ।**
**जिवन स्तर उकासौं ।**

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक,कालिकोट**

**एन.आई.सि.एशिया बैंक लि.,कालिकोट**

**सानिमा बैंक,सान्नी त्रिवेणी,कालिकोट**

**मेगा बैंक नेपाल लिमिटेड,कालिकोट**

**ग्लोबल आइएमई बैंक,कालिकोट**

**कृषि विकास बैंक,कालिकोट**

**सदरमुकाममा चामल......**

प्रमुख बुढामगरले बताए। 'सदरमुकाममा खाद्यान्नको कुनै अभाव छैन।' उनले भने, 'तर, गाउँका डिपोहरूमा खाद्यान्न ढुवानीको ठेक्का पाएका फमले सम्झौता नगर्दा चामल गाउँमा पुगेको छैन।'

**चामल ढुवानीको माग**

ग्रामिण क्षेत्रमा खाद्यान्न दशैं तिहारमा जरुरी भएकोले स्थानीयहरूले खाद्यान्न ढुवानीको माग गरेका छन्। पादमघाट र थिर्पु डिपोमा खाद्यान्न नभएपछि यहाँका स्थानीयबासीले खाद्यान्न समयमा नै ढुवानी गरेर दशैं तिहारमा खाद्यान्न अभाव झेल्नु परेको छ। चामल ढुवानीको माग गर्दै छिटो भन्दा छिटो समस्या सुल्झाउन स्थानीयको माग रहेको छ। चाँडवाडको मुखमा खाद्यान्नको अभाव हुने देखिएकाले खाद्यान्न ढुवानी समयमै गर्नका लागि पहल थालिएको पलाता गाउँपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले बताए। 'पलाँतामा खाद्यान्नको अभाव हुने देखिएको छ।' उनले भने,'दशैं तिहार अघि खाद्यान्न ढुवानी गर्न हामीले गाउँपालिका तर्फबाट पहल चालेका छौं।' गाउँमा नयाँ स्थापना गरिनु पर्ने नरहरिनाथ कोटवाडाकी केशा बिष्टले बताईन्।


# हार्दिक शुभकामना

*सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषीं उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।*

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७४ को शुभ अवसरमा राजनितिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

डम्वरबहादुर शाही (दिलिप) (अध्यक्ष)
होइजालीकुमारी बुढा (उपाध्यक्ष)

सान्नी त्रिवेणी गाउँपालिका कालिकोट

**वडा अध्यक्ष**

भरतकुमार बि.क वडा नं. १
विरजित बटाला वडा नं. २
कृष्णप्रसाद देवकोटा वडा नं.३
अनिपाल धामी वडा नं. ४
नरेश बम वडा नं. ५
रंगराज सार्की वडा नं. ६
मणीप्रसाद सिम्खाडा वडा नं. ७
जनकराज खत्री वडा नं. ८
दुर्गा केसी वडा नं. ९

# हार्दिक शुभकामना

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ जीवन जिउने आधार हो।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

जसीप्रसाद पाण्डे (मेयर)
विजया बिष्ट (उपमेयर)

खाँडाचक्र नगरपालिका कालिकोट

**वडा अध्यक्ष**

गणेशबहादुर शाही वडा नं. १
विर्खसिंह वि.क. वडा नं. २
महादेव पाण्डे वडा नं. ३
धनसिंगे कामी वडा नं. ४
खडानन्द चौलागाई वडा नं. ५
जगदिश शाही वडा नं. ६
रजबहादुर मल्ल वडा नं. ७
आदीचन्द चौलागाई वडा नं. ८
गोविन्दबहादुर मल्ल वडा नं. ९
डिलबहादुर शाही वडा नं. १०
पुष्पराज गीरी वडा नं. ११


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट, फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३, इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रण: ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट